गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १६६५ मिति :- २०८३/०१/११

श्री राष्ट्रिय सूचना आयोग, काठमाडौं ।

श्री जिल्ला प्रशासन कार्यालय, मन्थली रामेछाप ।

श्री जिल्ला हुलाक कार्यालय, मन्थली रामेछाप ।

विषय : सूचनाको हक सम्बन्धि सार्वजनिक सूचना विवरण पठाईएको बारे ।

प्रस्तुत विषयमा यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मिति २०८२/१०/०१ देखि २०८२ चैत्र मसान्त सम्म सम्पादन गरेको काम कारवाही अनुसारको विवरण सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरी सोको विवरण यसै पत्र साथ संलग्न राखि जानकारी पठाईएको व्यहोरा अनुरोध छ ।

पविता राई

नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गोकुलगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रसनालु, रामेछाप

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) / सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण

(मिति २०८२/१०/०१ देखि २०८२ चैत्र सम्मको विवरण)

१. गाउँपालिकाको स्वरूप र प्रकृति :

गोकुलगंगा गाउँपालिका बि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भई विभिन्न समयमा जारी भएका कानून बमोजिम तोकिएको कार्य, जिम्मेवारी सहित अविछिन्न सेवा प्रवाह गर्दै आएको छ । नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संघीय संरचना अन्तर्गत स्थानीय सरकारको रुपमा अवस्थित गाउँपालिका हो ।

२. गाउँपालिकाको काम, कर्तव्य र अधिकार :

यस गाउँपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र वागमती प्रदेशले कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन र निर्णयहरु समेतले तोके बमोजिमको काम, कर्तब्य र अधिकार निर्दिष्ट छ ।

३. गाउँपालिकामा रहने कर्मचारी विवरण :

यस गाउँपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या कर्मचारीहरुको सेवा समुह तह समेतको बिस्तृत विवरण र गाउँपालिकाको संगठन संरचना समेत गाउँ सभाबाट स्वीकृत भए बमोजिम काम कारबाही भईरहेको छ । कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा समेत राखिएको छ ।

४. गाउँपालिकाबाट प्रदान गरिने सेवा :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं यस गाउँपालिकाको स्थानीय कानूनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधिनमा रही स्थानीय सरकारको रुपमा सेवा प्रवाह तथा सुबिधाहरु प्रदान गरिएको छ ।



**Website :** www.gokulgangamun.gov.np | **Email :** info@gokulgangamun.gov.np | **Phone No. :** 9854043640

Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवा सुविधा प्रवाह गर्न विषयगत शाखाहरु, ६ वटा वडा कार्यालयहरु, ६ वटा स्वास्थ्य चौकी, १ वटा सामुदायिक स्वस्थ केन्द्र, १ वटा अस्पताल रहेका छन । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, गुनासो सुनुवाई अधिकारी, शाखा प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण गाउँपालिकाको www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने बिभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम, बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, सार्वजनिक सेवा वडापत्र समेतबाट निर्धारण गरिएको छ । यस सम्बन्धी व्यवस्था गाउँपालिकाको वेवसाइट www.gokulgangamun.gov.np मा समेत उल्लेख गरिएको छ ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघिय, वागमती प्रदेश कानुन र स्थानीय (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत) निर्णयहरु तथा गाउँपालिकाको अविछिन्न अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त गाउँ सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पस्ट तोकिएको छ । गाउँपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, विषयगत समिति तथा अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

८. गुनासो सुन्ने अधिकारी/निर्णय उपर उजुरी सुन्ने अधिकारी :

यस गाउँपालिकाको काम कारवाही सम्वन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गाउँपालिकाको शिक्षा अधिकृत श्री नरेन्द्र सिंह भण्डारीलाई गुनासो सुन्ने अधिकारी तोकिएको छ । निर्णय उपर उजुरी सुन्ने अधिकारीको हकमा(प्रचलित कानूनले व्यवस्था गरे वमोजिम अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ।



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

९. सम्पादन गरेको कामको विवरण :

यस गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघ, बागमती प्रदेश र स्थानीय कानूनले तोके बमोजिम स्थानीय सरकारको रुपमा गाउँपालिकाले गर्न सक्ने कार्यहरु गर्दै आईरहेको छ । सोको अलवा विशेष कार्यहरु निम्नानुसार रहेका छन् ।

१. पुर्वाधार विकास तर्फ :

- गाउँपालिका भित्र संचालन हुने सम्पुर्ण योजनाहरुको बारेमा अध्ययान गरि वडा गत रुपमा योजना तयार ।
- आ.व. २०८२/०८३ मा ठेक्का मार्फत संचालान हुने १८ वटा योजनाहरु स्थलगत निरीक्षण अनुगमन, मुल्याकन ।
- ebidd मार्फत आन्तरिक आर्य, खरिद र निर्माण समेतको सूचना र आशय गरि १२ पटक राष्ट्रिय दैनिकमा १८ वटा कार्यक्रम/योजनाहरुको बोलपत्र मार्फत प्रकिया सम्पन्न गरिएको ।
- १८ वटा कार्यक्रम/योजनाहरु मध्ये ५ कार्यक्रम/योजनाहरु सम्पन्न भएको अन्य संचालनमा रहेका ।
- वाडागत योजनाहरुको अवस्था ।

| क्र.स. | वार्ड | जम्मा योजना संख्या | सम्झौता बाकि भएका योजनाहरु | संचालनमा रहेका योजनाहरु | सम्पन्न भएका योजनाहरु | भुक्तानी भएका योजनाहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | TD/Cor | =१८+५+२३ | ० | १४ | ४ | ४ | |
| २ | १ | ४९ | २ | ५ | २२ | १४ | |
| ३ | २ | ५० | ५ | ६ | २१ | २१ | |
| ४ | ३ | ४२ | ७ | १० | १६ | १४ | |
| ५ | ४ | ४७ | ६ | ५ | २८ | २५ | |
| ६ | ५ | ४० | ८ | २ | १६ | १३ | |
| ७ | ६ | २८ | १२ | ५ | ७ | ४ | |
| जम्मा | | २७९ | ४० | ४७ | ११४ | ८८ | |
| प्रतिशत | | | | | | | |



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

२. आर्थिक विकास तर्फ :

गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ का लागि रु. ५५,०८,९४,०१६ (पचपन्न करोड आठ लाख चौरानब्बे हजार सोह रुपैया) कुल आम्दानी र सोही बमोजिम खर्च गरी बजेट बिनियोजन भएकोमा कुल विनियोजन मध्ये चालू तर्फ रु. ३३,९६,३४,०१७ (तेत्तिस करोड छयानब्बे लाख चौतिस हजार सत्र रुपैया) र पूजीगत खर्च तर्फ रु. १८,१२,६०,००० (अठार करोड बाह लाख साठी हजार रुपैयाँ) विनियोजन भएको थियो। गाउँपालिकाको त्रैमासिक आम्दानी र खर्चको विवरणका साथै हाल कार्यान्वयनमा रहेको बजेटको विविध क्षेत्रसँग सम्बन्धित प्रगति समिक्षा देहायबमोजिम प्रस्तुत गरिएको छ।

## १. आम्दानी प्रतिवेदन

गोकुलगंगा गाउँपालिकाको आ.व. २०८२/८३ को लागि कुल रू. ५५,०८,९४,०१६ (पचपन्न करोड आठ लाख चौरानब्बे हजार सोह रुपैया) आय अनुमान गरेको थियो जसमध्ये विभिन्न श्रोतबाट आम्दानी हुने प्रक्षेपण गरिएको थियो। आम्दानीका श्रोत, आय अनुमान र २०८२ माघ देखि चैत मसान्तसम्म प्राप्त आम्दानीको प्रतिवेदन तालिका नं १ मा देखाइएको छ।

तालिका नं १

आ.व. : २०८२/८३ अवधी : २०८२/१०/०१-२०८२/१२/३०

| आय | | | | |
|---|---|---|---|---|
| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) | मोज्दात |
| संघीय सरकार | ३२,१३,४०,०००.०० | ७,२५,६४,३९०.०० | २२.५८ | २४,८७,७५,६१०.०० |
| १३३११ समानिकरण अनुदान | ११,७३,००,०००.०० | २,३९,६४,३९०.०० | २०.४३ | ९,३३,३५,६१०.०० |
| १३३१२ शसर्त अनुदान चालु | १९,१७,४०,०००.०० | ४,७४,७५,०००.०० | २४.७६ | १४,४२,६५,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४५,००,०००.०० | ११,२५,०००.०० | २५ | ३३,७५,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ७८,००,०००.०० | ०.०० | ० | ७८,००,०००.०० |
| प्रदेश सरकार | ६,७७,१३,०००.०० | ७५,०३,२५०.०० | ११.०८ | ६,०२,०९,७५०.०० |
| १३३११ समानिकरण अनुदान | १,२२,४३,०००.०० | ३०,६०,७५०.०० | २५ | ९१,८२,२५०.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,५२,७०,०००.०० | ३८,१७,५००.०० | २५ | १,१४,५२,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | २५,००,०००.०० | ६,२५,०००.०० | २५ | १८,७५,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ६५,००,०००.०० | ०.०० | ० | ६५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३,१२,००,०००.०० | ०.०० | ० | ३,१२,००,०००.०० |
| राजस्व बाडफाड | १३,७१,९५,४७२.०० | २,०४,०५,१६७.१९ | १४.८७ | ११,६७,९०,३०४.८१ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ४,६६,०७६.०० | ९३.२२ | ३३,९२४.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ६,८३,९६,६०४.०० | १,०६,८७,३४९.९० | १५.६३ | ५,७७,०९,२५४.१० |
| ११४२१ बाँडफाँड भ्ंइ प्राप्त हुने अन्तःशुल्क | २,२७,९८,८६८.०० | ३७,१२,०५४.६१ | १६.२८ | १,९०,८६,८१३.३९ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,२५,००,०००.०० | २८,९३,१४२.२० | ८.९ | २,९६,०६,८५७.८० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ०.०० | ०.०० | ० | ०.०० |
| १४१५६ बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १,२०,००,०००.०० | ०.०० | ० | १,२०,००,०००.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १०,००,०००.०० | २६,४६,५४४.४८ | २६४.६४ | (१६,४६,५४४.४८) |
| १४१५८ बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ०.०० | ०.०० | ० | ०.०० |
| अन्तरिक श्रोत | ४,६१,८५,५४५.०० | १५,७१,३३७.५८ | ३.४ | ४,४६,१४,२०७.४२ |




Scanned with CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३


चलानी नं. :-

मिति :- २०८३/०१/१०




## २. खर्च प्रतिवेदन

गोकुलगंगा गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि विनियोजन गरेको कुल बजेट मध्ये माघ देखि चैत्र मसान्त सम्म कुल विनियोजित चालू बजेट रु. ३३,९६,३४,०१७ मध्ये १८. ८९ प्रतिशत अर्थात रु. ७३९२२०४२ खर्च भएको छ भने पूजीगत तर्फ कुल विनियोजित बजेट रु. १८,१२,६०,००० मध्ये २४ प्रतिशत अर्थात रु. ४३५०५००५ खर्च भएको छ। समग्रमा गोकुलगंगा गाउँपालिकाले विनियोजन गरेको बार्षिक बजेट रु. ५५,०८,९४,०१६ मध्ये २०.५१ प्रतिशत अर्थात रु. ११७४२७०४८ हालसम्म खर्च भएको देखिन्छ।







Scanned with CamScanner

## ३. क्षेत्रगत बजेट तथा खर्च

आर्थिक वर्ष २०८२/८३ का लागि गोकुलगंगा गाउँपालिकाले आर्थिक विकास तर्फ रु. ३,०५,५४,०७० विनियोजन गरेकोमा २०८२ माघ देखि चैत्र मसान्त सम्म १५ .५९ प्रतिशत अर्थात रु. ४७६४४१४ खर्च भएको छ त्यस्तै सामाजिक विकास तर्फ विनियोजित रु. २५,१६,३३,०१७ मध्ये १९.८२ प्रतिशत अर्थात रु ५०२०७१०९ खर्च भएको छ। पूर्वाधार विकास तर्फ रु. १६२१७४९३० विनियोजित रकम मध्ये रु. ३७९४६२३२ खर्च भएको छ जुन कुल विनियोजित रकममध्ये २३.४ प्रतिशत हुन आउँछ। सुशासन तथा अन्तरसम्बन्धित अन्तर्गतका वातावरण, विपत, श्रम रोजगारी, शान्ति सुव्यवस्थामा कुल विनियोजित रु. १,५७,१२,००० मध्ये ३१.१७ अर्थात रु. ४८९७५९३ खर्च भएको छ र कार्यालय तथा प्रशासनिकमा रु. ११,०८,२०,००० विनियोजन भएकोमा २०८२ माघ देखि चैत्र मसान्त सम्म रु. १९६११६९८ खर्च भएको छ।



गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु रामेछाप


बागमती प्रदेश नेपाल

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

**क्षेत्रगत खर्च २०८२ माघ देखि चैत्र मसान्तसम्म आर्थिक वर्ष २०८२/८३**




३. योजना तथा अनुगमन तर्फ :

- आ.ब.२०८२/०८३ को माघ देखि चैत्र मसान्तसम्म गाउँपालिकाबाट स्वीकृत भएका आयोजनाहरुमध्ये ७९ वटा आयोजनाको सम्झौता गरिएको छ । हालसम्म यस आ.व.मा २५८ वटा आयोजना सम्झौता भएका छन् समग्ररुपमा ९१.४९ प्रतिशत आयोजना सम्झौता भएको छ ।
- आ.ब.२०८२/०८३ को माघ देखि चैत्र मसान्तसम्म सम्झौता भएका आयोजना मध्ये १११ ओटा आयोजनाको निर्माण कार्य सम्पन्न गरि भुक्तानी सम्पन्न भएको गरिएको छ । हालसम्म यस आ.व.मा १२० वटा आयोजनाको भुक्तानी भएको छ



Website : www.gokulgangamun.gov.np | Email : info@gokulgangamun.gov.np | Phone No. : 9854043640

Scanned with CamScanner

समग्ररुपमा सम्झौता भएको आयोजना को ४६.५१ प्रतिशत आयोजनाको भुक्तानी भएको छ ।

- आ.ब.२०८२/०८३ मा यस गाउँपालिकामा १८ वटा आयोजना तथा कार्यक्रमहरु ठेक्कामार्फत भएका छन् जसमा पाँच वटा आयोजना तथा कार्यक्रमहरुको भुक्तानी सम्पन्न भएको छ भने बाँकी संचालनमा रहेका छन् ।
- आ. व. २०८१/०८२ मा गठन भएका करिब ७३ उपभोक्ता समीतिको बैंक खाता बन्दको सिफारिस गरिएको ।

४. सामान्य प्रशासन तर्फ :

- विभिन्न पत्र—पत्रिकाको दर्ता र फाइल प्रणाली व्यवस्थित राखिएको ।
- कर्मचारी हाजिरी, बिदा, सरुवा र सेवासम्बन्धी अभिलेख अद्यावधिक भएको ।
- कार्यालयका सम्पत्ति, फर्निचर, उपकरण, गाडी आदि अभिलेख अद्यावधिक राखिएको ।
- विभिन्न निर्णय (सभा तथा कार्यपालिका), आदेश, निर्देशनहरू अभिलेख गरी सम्बन्धित शाखा वा व्यक्तिलाई पठाउने कार्य भएको । साथै गोप्य दस्तावेज सुरक्षित राख्ने कार्य भएको ।
- अन्य शाखासँग सहकार्य गरी कार्यक्रम तथा परियोजना कार्यान्वयनमा सहयोग गरिएको ।
- सरसफाइ, अनुशासन, कार्यालय वातावरण, समयपालन र सेवा प्रवाहमा सुधार ल्याईएको ।
- प्रशासनिक नीति तथा नियमावली कार्यान्वयनमा सघाईएको ।
- कार्यालय प्रमुखको निर्देशनअनुसार अन्य प्रशासनिक कार्य गरिएको ।
- कार्यालयका सवै सामान, उपकरण, फर्निचर, सवारी साधन, कार्यालय सामग्री आदिको अभिलेख राखि मर्मत आदेश तथा मर्मत सम्पन्न अभिलेख तयार पारिएको ।
- सामान प्राप्त हुँदा रसिद दर्ता, गुणस्तर जाँच र भण्डारणको जिम्मेवारी लिने कार्य भएको ।
- दैनिक, मासिक र वार्षिक रुपमा जिन्सी अभिलेख अद्यावधिक गर्ने कार्य PAMS V2 सफ्टवयर मार्फत भइरहेको ।
- खपत भएका, बिग्रेका वा नचाहिने सामग्रीको विवरण तयार गर्ने कार्य भईरहेको ।
- सामानको मर्मत, सरसफाइ र व्यवस्थापन सुनिश्चित गर्ने कार्य भएको ।

- जिन्सी निरीक्षण, गोप्य स्टक जाँच र लेखा जोखा तयार गर्ने कार्य भईरहेको ।
- अन्य शाखासँग सहकार्य गरी परियोजना वा कार्यक्रम सञ्चालनमा आवश्यक सामग्री उपलब्ध गराउने कार्य भएको ।
- सामान हानी, चोरी वा गुम्ने विषयमा निगरानी गर्ने कार्य भईरहेको ।

५. रोजगार सेवा केन्द्र तर्फ :

- आ.व ०८२/०८३ मा स्विकृत भएको ज्याला वापतको रकमको आधारमा स्वीकृत भएका १५ वटा आयोजना तथा कार्यक्रमहरुको सम्झौता सम्पन्न भएको ।
- सम्झौता भएका आयोजनाहरु मध्ये सात ओटा आयोजनाहरुको निर्माणकार्य सम्पन्न गरि भुक्तानी मागको निबेदन पेश भएको ।
- बैदेशिक रोजगारबाट बिदामा नेपाल आएका ५ जना व्यक्तिहरुको पुन श्रम स्वीकृति गरिएको ।
- आ.व. २०८३/०८४ को लागी सुचिकृत हुन चाहने बेरोजगार व्यक्तिहरुको लागी बेरोजगार सुचीमा सुचिकृत हुने सम्बन्धी सुचना प्रकाशित गरी सवै वडा कार्यालयबाट निबेदन संकलन भएको छ ।

६. कृषि तथा पशु पन्छी विकास तर्फ :

- NAHIS मा पालिका भरी देखा परेका रोगहरुको update गरीरहेको ।
- ७०० पशु तथा पन्छीलाई औषधी उपचार गरीएको ।
- ८ पशुमा सल्यक्रीय गरीएको ।
- ४३ वटा गाई भैंसीमा Ai गरीएको ।
- महामारी रोग नियन्त्रय कार्यक्रम अन्तर्गत पालिका स्तरीय mass vaccination ( FMD PPR RABIES कार्यक्रम सुरु ।
- संघिय कार्यक्रम अन्तर्गत वंगुर श्रोत केन्द्र र PMAMP मा गाई पकेट कार्यक्रम अन्तिम चरणमा पुगेको छ ।



Scanned with CamScanner

- आ.व २०८२/८३ मा संचालित आलु वीउ उत्पादन कार्यक्रममा एक कृषि समूह र दुई वटा कृषि फर्महरु छनौट भइ ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन अनुगमन र सार्वजनिक सुनुवाई भई भुक्तानी भइसकेको छ।
- लसुन खेति उत्पादन कार्यक्रम वडा नं. २ को पञ्चकन्या कृषि समूह छनौट भइ ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन अनुगमन र सार्वजनिक सुनुवाई भई भुक्तानी भइसकेको छ।
- कृषि सामाग्री कम्पनी र साल्ट ट्रेडीङ्ग कर्पोरेशन लि. बाट दिइएको कोटाको मल सहकारी संस्था/फर्मलाई युरीया ८६० बोरा,डि.ए.पी ४२० बोरा सिफारिस गरिएको।
- कृषि तथा पशुपंक्षी मत्स्य तथ्याङ्क संकलन वडा नं १ मा ९७ घर धुरी, वडा नं ३ मा १७० घर धुरी, वडा नं ४ मा १०७ घर धुरी, वडा नं ५ १२० घर धुरीको तथ्याङ्क संकलन कृषि तथा पशु प्राविधिकहरुबाट भएको।
- बर्षे तरकारी बीउ १७०० कम्पोजिट सेट खरीद गरी वडामा पठाइ कृषकहरुमाझ नि:शुल्क वितरण गरिएको।
- अमिलो जातको फलफूलमा लाग्ने औंसा किरा (Chinese Fruit fly) नियन्त्रण को लागि नियन्त्रण गर्ने सामाग्री प्रोटीन बेट, ट्रयाप, विषादी खरीद गरी वडा नं.४,५,६ मा नि:शुल्क वितरण गरी जुनारका वोटमा प्रोटीन बेट स्प्रे गर्न थालियो ।
- किविफल प्रशोधन तथा भण्डारणको लागि पूर्वाधार निर्माण सहयोग कार्यक्रम ५०% लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवेदन दिएको ससभूमे एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि सँग सम्झौता गरी कायदिश दिइएको साथै कार्य सञ्चालन सरु भएको।
- कृषि यन्त्र खरीद तथा बितरणको लागी वडाबाट सूचना प्रकाशन गरी कृषि सहकारी,कृपक समूह,कृषि फर्मको वडा सस्तरबाट माग संकलन भइ छनौटका लागि पालिकामा पठाइएको।

७. पंजीकरण तर्फ :

- सामाजिक सुरक्षा भत्ता पास गर्ने तेश्रो त्रैमासिकका लागि १००% लाभग्राहीहरुको खाता validation Successful गरेको,
- तेश्रो त्रैमासिकको २६४५ जनाको भत्ता रकम रु २७४८२८०१ EFT मार्फत लाभग्राहीको खातामा जम्मा गरेको,



Scanned with CamScanner

- खाता बन्दा गरी रकम फिर्ता गर्न वा अन्य विविध कारणले सम्बन्धित तोकिएको बैंकमा ५१ वटा चिट्ठी पठाएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने २४ जना लाभग्राहीको लगत कट्टा गरिएको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने २० जना लाभग्राहीको नयाँ सूचिकृत गरिएको ।

८. सूचना प्रबिधि तर्फ :

- गाउँपालिका कार्यालय र मातहतका कार्यालयलाई थप व्यवस्थित र प्रविधिमैत्री बनाउने उदेश्यका साथ सूचना प्रविधि विभागबाट निशुल्क रुपमा उपलब्ध हुने कार्यालय ब्यवस्थापन सम्बन्धि पोर्टल र विद्युती हाजिरीको पोर्टल प्राप्त गर्न सबै प्रक्रिया पुरा गरी संचालनको चरणमा रहेको ।

९. उद्यम विकास तथा व्यवसाय दर्ता शाखा तर्फ :

- गोकुलगंगा गाउँपालिका वडा नं १ चुचुरेमा व्यवसाय सचेतना तथा सुरु (उद्यमशिलता विकास) तालिम सम्पन्न । जसमा महिला २ र पुरुष १४ जना सहधागी रहेको थियो ।
- सोही कार्यक्रम अन्तर्गत घरधुरी सर्वेक्षण सम्पन्न ।१६ जनाको व्यत्तिगत विवरण संकलन गरियो ।
- वडा नं १ चुचुरेमा मौरिपालन सम्वन्धी सीप विकास तालिम। जसमा १६ जनाको सहभागीता रहेको थियो ।
- वडा नं ३ रस्नालुमा मौषमी तथा वेमौषमी तरकारी खेती सम्वन्धी तालिम सम्पन्न ।जसमा २० जनाको सहभागीता रहेको थियो ।
- वडा नं ६ फर्पुमा गत वर्ष मेड्पा कार्यक्रमवाट तरकारी खेती तालिम लिएका सहभागीहरुलाई वितरण गरेको पलास्टिक टनेलको अनुगमन गरेको । जसमा पलास्टिक टनेलको प्रयोग गरेको पाईयो तर हावा हुरीले प्रयोगमा रहेको टनेल पनि च्यातिएको अवस्थामा पाईयो ।
- वडा नं ४ वेतालीमा गत वर्ष मेड्पा कार्यक्रमवाट मौरीपालन तालिम लिएका सहभागीहरुलाई वितरण गरेको मौरी सहितको घारको अनुगमन गरेको । जसमा मौरीको १ घारवाट ४/५ घार सम्म विभाजन गरेको पाईयो।



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८३/०१/१०

- व्यवसाय दर्ता तर्फ :

| क.स | मुख्य कार्य | संख्या |
|---|---|---|
| १ | व्यवसाय दर्ता जम्मा संख्या | ६२८ |
| २ | हाल सम्म नवीकरण संख्या | ३२३ |
| ३ | दोश्रो त्रैमासिक मा नवीकरण भएको | १८८ |
| ४ | दोश्रो त्रैमासिक मा दर्ता भएको नयाँ | १५ |
| ५ | घ वर्गको नर्माण व्यवसाइ  फर्म जम्मा | २० |
| ६ | घ वर्ग नबिकरण जम्मा | १६ |
| ७ | दोश्रो त्रैमासिकमा नविकरण भएका | ९ |
| ८ | दोश्रो त्रैमासिकमा नयाँ दर्ता | १ |
| ९ | खानेपानी महाँन तथा समिती दर्ता | २१ |
| १० | दोश्रो त्रैमासिकमा सम्म नबिकरण | ११ |
| ११ | प्रतिष्ठान दर्ता | १ |

१०. शिक्षा तथा सामाजिक विकास तर्फ :

- शिक्षकहरुको तेस्रो त्रैमासिक तलबभत्ता सम्बन्धित शिक्षकको व्याक्तिगत खातामा निकासा
- निशुल्क पाठ्यपुस्तकको अनुदान रकम विद्यालहरुलाई निकासा
- ददक डाक्टर अध्ययन छात्रवृत्ति छनौट र छात्रवृत्ति प्रदान
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षम सञ्चालन र व्यवस्थापन

११. महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ :

- फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा माध्यमिक विद्यालयस्तरको वक्तृत्वकला कार्यक्रम सम्पन्न गरियो ।
- फागुन  २४ गते नारि दिवस कार्यक्रम सम्पन्न गरियो ।
- ज्येष्ठ नागरिक कार्ड:  जम्मा  १२ ओटा वितरण गरियो ।
- अपाङगता समन्वय समितिको वैठक जम्मा ३ ओटा बसियो ।
- अपाङ्गता कार्ड: क वर्ग कार्ड जम्मा  २ ओटा वितरण गरियो ।



Scanned with CamScanner

- अपाङ्गता कार्डः ख वर्ग कार्ड जम्मा ४ ओटा वितरण गरियो ।
- अपाङ्गता कार्डः ग वर्ग कार्ड जम्मा २ ओटा वितरण गरियो ।

१३. सुरक्षित आप्रवासन कार्यक्रम (सामी) तर्फ :

**क. समुह मनोसामाजिक परामर्श सेवाः**

१. समुह मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धी कार्य र प्राप्त उपलब्धीः

| सूचक | समुह १ | |
|---|---|---|
| कक्षा संचालन भएको स्थानः नामाडी, बेताली, रस्नालू | जातियता | |
| सहभागी संख्याः ३५३ | दलित म.: | ३४ |
| | दलित पु.: | २७ |
| | जनजाती म.: | ४८ |
| | जनजाती पु.: | ५९ |
| | अन्य म.: | ९४ |
| | अन्य पु.: | ९१ |
| | जम्मा म.: | १७६ |
| | जम्मा. पु.: | १७७ |
| | जम्मा संख्याः | ३५३ |

सुरक्षित वैदेशिक रोजगार कार्यक्रम अन्तरगत भएका कार्यहरुः विवरण संकलन

| वैदेशिक रोजगार मा रहेका व्यक्तिहरू | वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरू | वैदेशिक रोजगारमा जान लागेका व्यक्तिहरू |
|---|---|---|
| १८२ | ३५ | ५५ |

वैदेशिक रोजगारका क्रममा मृत्यू भई क्षतिपूर्ति प्रात गर्ने:

| मृतकको नाम | ठेगाना | हकवाला को नाम | प्राप्त रकम |
|---|---|---|---|
| सुरोज कार्की | गोकुलगंगा गा.पा. -02, ठोसे | देव बहादुर कार्की | 10,00,000 /- |



Scanned with CamScanner

व्यक्तिगत मनोसामाजिक परामर्श सेवा सञ्चालन सम्बन्धि कार्य र प्राप्त उपलब्धीहरुः

| सेवाग्राहीको कोड नं. | ठेगाना | सत्र संख्या | सहभागि संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| PSY-2603-840 | नामाडी | 01 | - | 01 | 01 |
| PSY-2603-714 | रस्नालू | 01 | 01 | - | 01 |
| PSY-2602-624 | बेताली | 03 | 01 | - | 01 |
| PSY-2602-034 | रस्नालू | 04 | 01 | - | 01 |
| PSY-2602-304 | बेताली | 03 | 01 | - | 01 |
| PSY-2602-049 | बेताली | 04 | 01 | - | 01 |
| PSY-2602-047 | बेताली | 04 | 01 | - | 01 |
| PSY-2602-033 | बेताली | 04 | 01 | - | 01 |
| PSY-2601-758 | ठोसे | 05 | - | 01 | 01 |

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम :

| सूचक | समुह १ | |
|---|---|---|
| कार्यक्रम संचालन भएको स्थानः नामाडी, बेताली, रस्नालू | जातियता | |
| सहभागी संख्याः १३७ | दलित म.: | १० |
| | दलित पु.: | ०८ |
| | जनजाती म.: | २१ |
| | जनजाती पु.: | ३७ |
| | अन्य म.: | १७ |
| | अन्य पु.: | ४४ |
| | जम्मा म.: | ४७ |
| | जम्मा. पु.: | ८९ |
| | जम्मा संख्या: | १३७ |

वैदेशिक रोजगारमा रही विभिन्न समस्या भोगिरहेका व्यक्तिहरुलाई सुरक्षित आप्रवासन स्रोत केन्द्रमा रिफर गरेको जम्मा संख्या : ०४



Scanned with CamScanner

१४. स्वास्थ्य शाखा तर्फ :

- निरन्तर भईरहने स्वास्थ्य संस्थाहरुको मासिक बैठक सम्पन्न भएको ।
- माघ महिनामा NCD SCREENING कार्यक्रम सफलतापुर्वक संचालन भइ सम्पन्न भएको
- मुख्यमन्त्री जनता कार्यक्रम नियमित रुपमा हरेक महिनाको १८ गते संचालन भईरहेको
- सुत्केरी संग उपाध्यक्ष कार्यक्रम सबै वडाको बर्थिङ सेन्टरहरुमा सम्पन्न भएको
- स्वास्थ्य सेवा पहुच अभिबृदी गर्ने उदेश्यले विभिन्न शिविरहरु जस्तै (आखा शिविर, RH/VIA) संचालन गरिएको छ
- मृगौला प्रत्यारोपण गरेको, डायलाइसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका
- बिरामीहरुलाई ५००० को दरले माघ महिनामा भुक्तानी भएको

१५. ४ नं. वडा कार्यालयको प्रगति प्रतिबेदन :

वडा कार्यालयः गोकुलगंगा गाउँपालिका, ४ नं. वडा कार्यालय, बेताली, रामेछाप
अवधिः २०८२ माघ १ देखि २०८२ चैत्र मसान्त सम्म

## १. संक्षिप्त पृष्ठभूमि

सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम यस गोकुलगंगा गाँउपालिका वडा नं.०४, को कार्यलयबाट आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा दैनिक प्रशासनिक कार्य अन्तर्गत तेस्रो त्रैमासिक अवधिमा यस वडामा सम्पादन भएका मुख्य मुख्य विकास निर्माण, प्रशासनिक सेवा प्रवाह र सामाजिक विकासका कार्यहरूको विवरण यस प्रतिवेदनमा समेटिएको छ।

## २. मुख्य कार्यगत विवरण

### क) व्यक्तिगत घटना दर्ता विवरण

| शीर्षक | इकाई | सङ्ख्या | टिप्पणी/प्रगति |
|---|---|---|---|
| कुल दर्ता सङ्ख्या | वटा | ५१ | जन्म, मृत्यु, विवाह, बसाईसराइ, स.वि. |
| जन्म दर्ता | वटा | २३ | प्रतिलिपिः ३० वटा |
| मृत्यु दर्ता | वटा | १० | प्रतिलिपिः ३ वटा |
| विवाह दर्ता | वटा | १६ | प्रतिलिपिः ५ वटा |
| बसाईसराइ | वटा | २ | २ जना बसाईसरी गएको |



Scanned with CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८३/०१/१०

| शीर्षक | इकाई | सङ्ख्या | टिप्पणी/प्रगति |
|---|---|---|---|
| सम्बन्ध बिच्छेद | वटा | २ | - |
| प्रतिलिपि कुल सङ्ख्या | वटा | ४० | - |

ख) सिफारिस तथा प्रमाणित कार्य

| क्र.सं. | सिफारिसको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस (नयाँ) | २० | |
| २ | नेपाली नागरिकताको प्रतिलिपि सिफारिस | २६ | |
| ३ | नाता प्रमाणित | २० | |
| ४ | घरबाटो प्रमाणित तथा नक्सा पास सिफारिस | ५ | |
| ५ | वैदेशिक प्रयोजनका लागि सिफारिस/प्रमाणित | १५ | |
| ६ | जन्म/मृत्यु/विवाह प्रमाणित | ५ | |
| ७ | योजना सम्झौता सम्बन्धी | ८५ | |
| ८ | चारकिल्ला प्रमाणित | ३ | |
| ९ | अन्य विविध सिफारिसहरू | १५० | |

ग) राजस्व तथा वित्तीय स्थिति

| राजस्व शीर्षक | यस त्रैमासिकको सङ्कलन (रु.) | हालसम्मको कुल सङ्कलन (रु.) |
|---|---|---|
| सम्पत्ति कर (मालपोत) | १९,८०८।८३ | ६५,३९०।७५ |
| सिफारिस/अन्य दस्तुर | ८१,९६६।९९ | ४,३७,२४०।६७ |
| जम्मा राजस्व | १,०१,७७५।८२ | ५,०२,६३१.४२ |

## ३. योजना तथा विकास प्रगति

- **सम्पन्न योजनाहरू:** २५ वटा योजनाको भुक्तानी सम्पन्न; ३ वटा निर्माण सम्पन्न भई भुक्तानी प्रक्रियामा रहेको।
- **चालु योजनाको अवस्था:** ७ वटा निर्माणाधीन; ११ वटा सम्झौता भई काम सुरु हुन बाँकी सम्झौता हुन बाँकी ३ वटा।

## ४. सामाजिक विकास तथा अन्य कार्यक्रम

- **सामाजिक सुरक्षा:** बैंकसँग समन्वय गरी टोल-टोलमा पुगेर भत्ता वितरण। थप ७ जना नयाँ लाभग्राही सूचीकृत।
- **कृषि क्षेत्र:** अमिलो जातका फलफूलमा लाग्ने रोग नियन्त्रणका लागी विषादि वितरण । वडा भित्रका कृषकहरुलाई अनुदान स्वरुप उपलब्ध गराउने उन्नत जातको धानको बिउको लागी ७०० घरधुरीबाट माग संकलन।



Scanned with CamScanner

स्थानीय सरकार गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८३/०१/१०

- **पशुपक्षीः** गाई, भैंसी, बाखा गरी कुल २०० पशुको उपचार। १० कुकुरलाई रेविज विरुद्धको खोप। ८० जना कृषकलाई पशु आहार र व्यवस्थापन सम्बन्धी परामर्श सेवा प्रदान। गाई भैसीलाई खोरेत रोग विरुद्धको १२० डोज तथा बाखालाई उउच विरुद्धको ६०० डोज खोप लगाइयो ।
- **सुशासनः** वडा समितिको ६ पटक बैठक सम्पन्न।

१६. ३ नं. वडा कार्यालयको प्रगति प्रतिबेदन :

१७. आ.व.२०८२/०८३ को तेस्रो त्रैमासिक (माघ, फागुन, चैत्र) महिनाको यस गोकुलगंगा गाउँपालिका वडा नं. ३ रस्नालु रामेछापबाट सम्पादित काम कारवाहिको विवरण तपशिल बमोजिम रहेको छ ।

## १८.प्रशासन तर्फ

१९. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (ड), वडा कार्यालयबाट प्रवाह हुने सिफारिस तथा प्रमाणित सम्वन्धि ३५ वटा विषयमा गर्नुपर्ने भनि उल्लेख गरिएको छ जस अनुसार तेस्रो त्रैमासिक महिनामा भएका काम कारवाही तपशिल बमोजिम उल्लेख गरिएको छ ।

२०. जन्म प्रमाणित २
२१. नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस १३
२२. नागरिकता प्रमाणपत्रका लागि थप सिफारिस ४४
२३. मृत्यु प्रमाणित ३
२४. नाता प्रमाणित प्रमाणपत्र (नेपालीमा) ३१
२५. सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइदिने सम्बन्धि सिफारिस ४९
२६. योजना सम्झौता सिफारिस ९
२७. जग्गा नामसारी सम्बन्धि सिफारिस २
२८. नाबालक परिचय पत्र सिफारिस २
२९. खाता बन्द सिफारिस २
३०. बैदेशिक अन्तर्गत Birth Certificate,Relationship, Income Source,Tax Clearnce etc. ६३
३१. कार्यबाहक तोकिएको पत्र २
३२. घर तथा बाटो प्रमाणित २०
३३. चार किल्ला प्रमाणित १७
३४. अविवाहित सिफारिस ८
३५. जग्गा मुल्याङ्कन २
३६. आयस्रोत प्रमाणित गरिएको सम्बन्धमा ३
३७. छात्रावृति सम्बन्धी सिफारिस १४
३८. अन्तिम भुक्तानीका लागि सिफारिस ११
३९. व्यवसाय दर्ता सम्बन्धमा सिफारिस १
४०. दुवै नामथर गरेको व्यक्ति एकै र नाम संशोधन सम्बन्धमा सिफारिस ५
४१. जनजाती सिफारिस सम्बन्धमा ०



Scanned with CamScanner

४२. पारिवारिक सिफारिस सम्बन्धमा १

४३. अन्य सिफारिस ५८

## ४४. चलानी

४५. माथि उल्लेखित विवरण अनुसार जम्मा ३४९ वटा तेस्रो त्रैमासिकमा कार्यालयबाट बाहिर जाने चिठी तथा अन्य कागजातहरुको चलानी भएका छन् ।

४६. कार्यालयमा बिभिन्न ठाउँबाट प्राप्त भएका निवदेन चिठी पत्र लगायत सम्पुर्ण कागजातहरुको सुरु अभिलेख राखु नै दर्ता हो । जस अनुसार तेस्रो त्रैमासिक मा यस कार्यालयमा प्राप्त भएका पत्रहरु २० रहेका छन् ।

## ४७. घटना दर्ता सम्बन्धमा

४८. प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचयपत्र नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण सम्बन्धी व्यक्तिगत घटना दर्ता विधुतीय सुशासन सेवा अन्तर्गत तेस्रो त्रैमासिक महिनाको विवरण तपशिल बमोजिम रहेको छ ।

| क्र | व्यक्तिगत घटना | नयाँ दर्ता (पुरुष+महिला) | प्रतिलिपी |
|---|---|---|---|
| १ | जन्म | ३७(२२+१५) | ४७ |
| २ | मृत्यु | १९(१५+४) | ३ |
| ३ | विवाह | १८ | ८ |
| ४ | सम्बन्ध विच्छेद | २ | १ |
| ५ | बसाई सराई लगत हस्तानान्तरण | २(जम्मा सदस्य २) | १ |

## ४९. नागरिकता सिफारिस (CCIMS)

५०. नागरिकता सिफारिस (CCIMS) प्रणाली मार्फत गत साल देखि संचालनमा आएको नागरिकता सम्वन्धि सिफारिस विधुतीय सुशासन सेवा मार्फत यस गोकुलगंगा गाउँपालिका वडा नं. ३ बाट तेस्रो त्रैमासिक महिनाको विवरणमा महिलाको संख्या १८ र पुरुषको संख्या २२ गरी जम्मा ४० जनाको सिफारिस गरियो ।

## ५१. सामाजिक सुरक्षा भत्ता

५२. आर्थिक तथा सामाजिक रुपमा पछि परेका जेष्ठ नागरिक एकल तथा विधवा महिला अपाङगता भएका नागरिक लोपोन्मुख आदिवासी जनजाती तथा दलित बालबालिकाहरुलाइ नेपाल सरकारको विभिन्न दरमा भत्ता उपलब्ध गराउँदै आएकोमा यस गोकुलगंगा गाउँपालिका वडा नं.३ मा तेस्रो त्रैमासिकमा नयाँ लाभग्राहीको संख्या १० जना र लगत कट्टा भएका लाभग्राहीहरुको संख्या ७ जना गरी यस त्रैमासिक सम्ममा जम्मा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको संख्या ५११ जना रहेका छन् ।

## ५३. योजना तथा कार्यक्रम

५४. आ.व.२०८२/०८३ मा गोकुलगंगा गाउँकार्यपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम जम्मा ४६



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८३/०१/१०

५५. सम्झैता भएका योजना तथा कार्यक्रमहरु ४४
५६. भुक्तानी भएका योजना १९
५७. अनुगमन भएका भुक्तानी हुन बाँकी २
५८. अन्य योजनाहरु काम सुचारु रुपमा रहेको १०
५९. आ.व.२०८२/०८३ मा गोकुलगंगा गाउँकार्यपालिकाबाट स्वीकृत भएका रोजगार तर्फका योजना तथा कार्यक्रम जम्मा २
६०. सम्झैता भएका योजना तथा कार्यक्रमहरु १
६१. भुक्तानी भएका योजना अनुगमन भएका भुक्तानी हुन बाँकी /०
६२. अन्य योजनाहरु काम सुचारु रुपमा रहेको १
६३.

## ६४. कृषि तर्फ

६५. आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक महिनाको कृषि उपशाखा वडा नं.३ का सम्पादित काम कारबाहीहरुः-
६६. १. किवी बालीको थाका जि.आई. पाइप र जि.आई तारको निवेदन संकलन,
६७. २. पालिका स्तरिय विभिन्न यान्त्रिकरण सम्बन्धीको निवेदन संकलन,
६८. ४. किवी ग्राफ्टिड ५० बोट,
६९. ५. तरकारी बिउ वितरण २०० कम्पोजिट प्याकेट,
७०. ६. बेमौसमी तरकारी बाली सम्बन्धी तालिम,
७१. ७. विभिन्न बालीमा लागेको रोगको बारेमा घरेलु उपचार तथा रोकथाम सम्बन्धी कृषकलाइ जानकारी गराएको।
७२.

## ७३. पशु तर्फ

७४. आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक महिनाको पशु उपशाखा वडा नं.३ का सम्पादित काम कारबाहीहरुः-
७५. १. २ वटा बंगुर फर्म कार्यक्रमको निरन्तरता तथा अनुगमन भइसकेको र भुक्तानीका लागि सिफारिस पठाइएको,
७६. २. भेडा बाखामा P.P.R रोग विरुद्ध ४००० डोज भ्याक्सिन लगाइएको,
७७. ३. गाई/भैसी मा F.M.D रोग विरुद्ध ५०० डोज भ्याक्सिन लगाइएको,
७८. ४. कुकुरहरुमा रेबिज रोग विरुद्ध १०० डोज भ्याक्सिन लगाइएको,
७९. ५. ६० जना किसानहरुलाई पशुपंन्क्षीहरुका लागि औषधी वितरण,
८०. ६. पशु बन्ध्याकरण अन्तर्गत बोका ३० वटा, गोरु १२ वटा, बंगुर १५ वटा खसी पार्ने कार्य भएको,
८१. ७. विभिन्न रोग विरुद औषधि उपचार तथा रोकथाम सम्वन्धि कृषकलाइ जानकारी गराएको ।

## ८२. राजश्व

८३. यस वडा कार्यालयबाट सम्पादित क्रियाकलाप तथा प्रवाह गरिएको सेवा सुविधा मार्फत यस तेसो त्रैमासिकमा राजश्व रू १,८१,३५४.८७ सङ्कलन गरिएको छ ।



Scanned with CamScanner

गोकुलगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल

स्थानीय सरकार गोकुलगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रस्नालु, रामेछाप बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

१७. २ नं. वडा कार्यालयको प्रगति प्रतिबेदन :

- प्रशासन तर्फ
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ (ड)वडा कार्यालयबाट प्रवाह हुने सिफारिस तथा प्रमाणित सम्बन्धि ३५ वटा विषयमा गर्नुपर्ने भनि उल्लेख गरिएको छ जस अनुसार तेस्रो त्रैमासिक महिनामा भएका काम कारवाहि तपशिल बमोजिम उल्लेख गरिएको छ ।
- जन्म प्रमाणित १०
- विवाह प्रमाणित ७
- नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस १४
- नागरिकता प्रमाणपत्र सिफारिस १७
- मृत्यु प्रमाणित ३
- सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइदिने सम्बन्धि सिफारिस ५५
- जग्गा नामसारी सम्बन्धि सिफारिस ७
- नाबालक परिचय पत्र सिफारिस ४
- नाता प्रमाणित १५
- अन्य सिफारिस २४
- बैदेशिक अन्तर्गत Birth Certificate,Relationship, Income Source,Tax Clearnce,Family bond Verification,Agriculture income,Occupation etc. ८३
- कार्यवाहक तोकिएको पत्र १
- घर अभिलेखिकरण ३
- घर तथा बाटो प्रमाणित ८
- चार किल्ला प्रमाणित १४
- अविवाहित प्रमाणित ३
- योजना समिति गठन/ सम्झैता/प्रतिवेदन/रकम भुक्तानी/बैक खाता खोल्ने सिफारिस ९२
- माथि उल्लेखित विवरण जम्मा ३६० वटा दोस्रो त्रैमासिकमा कार्यालयबाट बाहिर जाने चिठी तथा अन्य कागजातहरुको चलानी भएका छन् ।

- दर्ता
- कार्यालयमा विभिन्न ठाउँबाट प्राप्त भएका निवदेन चिठी पत्र लगायत सम्पुर्ण कागजातहरुको सुरु अभिलेख राख्नु नै दर्ता हो । जस अनुसार तेस्रो त्रैमासिक मा यस कार्यालयमा प्राप्त भएका पत्रहरु ७ रहेका छन् ।

- घटना दर्ता सम्वन्धमा
- प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचय पत्र खुल्ने नम्बर सहितको बहुउपयोगि राष्ट्रिय परिचय पत्र तथा पंजिकरण सम्वन्धि व्यक्तिगत घटना दर्ता विधुतीय सुशासन सेवा अन्तर्गत तेस्रो त्रैमासिक महिनाको विवरण तपशिल बमोजिम रहेको छ ।
- जन्म दर्ता १८ वटा प्रतिलिपी १० वटा



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

- विवाह दर्ता ४ वटा प्रतिलिपी १ वटा
- सम्बन्ध विच्छेद ० वटा
- मृत्यु ३ वटा
- बसाईंसराइ १ परिवार सदस्य संख्या ४ जना
- **नागरिकता सिफारिस ccims प्रणाली मार्फत**
- गत साल देखि संचालनमा आएको नागरिकता सम्बन्धि सिफारिस विधुतीय सुशासन सेवा मार्फत यस गोकुलगंगा गाउँपालिका वडा नं. २ बाट तेस्रो त्रैमासिक महिनाको विवरण ९ वटा रहेको छ जसमा पुरुष ६ जना र महिला ३ जना रहेका छन् ।
- **सामाजिक सुरक्षा भत्ता**
- आर्थिक तथा सामाजिक रुपमा पछि परेका जेष्ठ नागरिक एकल तथा विधवा महिला अपाङगता भएका नागरिक लोपोन्मुख आदिवासी जनजाती तथा बालबालिकाहरुलाइ नेपाल सरकारको विभिन्न दरमा भत्ता उपलब्ध गराउँदै आएकोमा यस गोकुलगंगा गाउँपालिका वडा नं. २ मा नयाँ लाभग्राही २ जना र आ.व.२०८२/०८३ मा नवीकरण भएका लाभग्राही ३०० गरी जम्मा ३०२ जना रहेका ।
-
- **योजना तथा कार्यक्रम**
- आ.व.२०८२/०८३ मा गोकुलगंगा गाउँकार्यपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रम जम्मा ५०
- सम्झैता भएका योजना तथा कार्यक्रमहरु ४९
- भुक्तानी भएका योजना २५
- अनुगमन भएका भुक्तानी हुन बाँकी ५
- अन्य योजनाहरु काम सुचारु रुपमा रहेको ५

- **कृषि तर्फ**
- आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक महिनाको कृषि उपशाखा वडा नं.२ का सम्पादित काम कारवाहिहरु
- १.लसुन खेती प्रर्वद्र कार्यक्रम अनुगमन तथा कृषक छनोट - अनुदानको सामाग्रीहरु खरिद भइसकेको र भुक्तानी भइ सकेको
- २. स्याउ र किवी विरुवाको काटछाँट
- ३ किवी विरुवामा बोडो मिश्रणको प्रयोग
- ४.उत्पादनको आधारमा अनुदान कार्यक्रम अन्तर्गत अनुगमन तथा कृषक पासबुक वितरण
- ५ तरकारीको विउँ कम्पोजिट प्याकेट वितरण

- **पशु तर्फ**
- आ.व. २०८२/०८३ तेस्रो त्रैमासिक महिनाको पशु उपशाखा वडा नं.२ का सम्पादित काम कारवाहिहरु
- १.गाइ भैसी पकेट कार्यक्रममा वडा नं.२ मा फर्म २ र समुह १ गरी जम्मा ३ कार्यक्रमको निरन्तरता तथा अनुगमन भइसकेको र भुक्तानी गर्न बाँकी रहेको
- २.गाइ भैसीमा कृतिम गर्भाधान कार्यक्रम अन्तर्गत ७ वटा गाइ भैसीमा कृतिम गर्भाधान गरिएको
- ३. विभिन्न रोग विरुद औषधि उपचार तथा रोकथाम सम्बन्धि कृषकलाइ जानकारी गराउने
- ४. पशु बन्ध्याकरण अन्तर्गत बोका खसी १६ वटा र गोरु ७ वटा खसी पार्ने कार्य भएको ।



Scanned with CamScanner

# गोकुलगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रस्नालु रामेछाप
बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-

मिति :- २०८३/०१/१०

१८. ५ नं. वडा कार्यालयको प्रगति प्रतिबेदन :

वडा कार्यालयः गोकुलगंगा गाउँपालिका, ५ नं. वडा कार्यालय, नामाडी, रामेछाप
अवधिः २०८२ माघ १ देखि २०८२ चैत्र मसान्तसम्म

### १. संक्षिप्त पृष्ठभूमि

सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम यस गोकुलगंगा गाँउपालिका वडा नं.०५, को कार्यलयबाट आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा दैनिक प्रशासनिक कार्य अन्तर्गत दोस्रो त्रैमासिक अवधिमा यस वडामा सम्पादन भएका मुख्य मुख्य विकास निर्माण, प्रशासनिक सेवा प्रवाह र सामाजिक विकासका कार्यहरूको विवरण यस प्रतिवेदनमा समेटिएको छ।

### २. मुख्य कार्यगत विवरण

क) व्यक्तिगत घटना दर्ता विवरण

| शीर्षक | इकाई | सङ्ख्या | टिप्पणी/प्रगति |
|---|---|---|---|
| जन्म दर्ता | वटा | ५४ | प्रतिलिपिः ३२ वटा |
| मृत्यु दर्ता | वटा | १९ | प्रतिलिपिः १ वटा |
| विवाह दर्ता | वटा | १४ | प्रतिलिपिः २ वटा |
| बसाईसराइ | वटा | २ (गएको) | जना बसाईसरी गएको |
| सम्बन्ध बिच्छेद | वटा | १ | - |
| कुल दर्ता सङ्ख्या (नयाँ) | वटा | ९० | जन्म, मृत्यु, विवाह, बसाईसराइ, स.वि. |
| कुल दर्ता सङ्या (प्रतिलिपि) | वटा | ३५ | जन्म, मृत्यु, विवाह, बसाईसराइ, स.वि. |

ख) सिफारिस तथा प्रमाणित कार्य

| क.सं. | सिफारिसको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाली नागरिकताको सिफारिस (नयाँ) | २५ | |
| २ | नेपाली नागरिकताको प्रतिलिपि सिफारिस | १५ | |
| ३ | नाता प्रमाणित | ३५ | |
| ४ | घरबाटो प्रमाणित तथा नक्सा पास सिफारिस | १२ | |
| ५ | वैदेशिक प्रयोजनका लागि सिफारिस/प्रमाणित | १८ | |
| ६ | जन्म/मृत्यु/विवाह प्रमाणित | १८ | |



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८३/०१/१०

| क्र.सं. | सिफारिसको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| ७ | योजना सम्झौता सम्बन्धी | ३० | |
| ८ | चारकिल्ला प्रमाणित | १४ | |
| ९ | अन्य विविध सिफारिसहरू | १५३ | |

ग) राजस्व तथा वित्तीय स्थिति

| राजस्व शीर्षक | यस त्रैमासिकको सङ्कलन (रु.) | हालसम्मको कुल सङ्कलन (रु.) |
|---|---|---|
| भूमिकर (मालपोत) | २३,७७५.१५ | ७८,१४७.२ |
| वहाल कर | ६४,९००.०० | २,१०,९०० |
| अन्य सेवा शुल्क | ११,८८५ | १४,२७० |
| सिफारिस दस्तुर | ४२,५०० | १,४०,६०० |
| व्यक्तीगत घटनादर्ता | २७,६०० | ६७,५०० |
| नाता प्रमानित (नेपाली) | ७२३६ | १०,४०० |
| जम्मा राजस्व | १,७७,८९६.१५ | ५,५६,२९०.१७ |

३. योजना तथा विकास प्रगति

- **सम्पन्न योजनाहरू:** जम्मा सम्झौता भएको ४१, योजनाको भुक्तानी सम्पन्न १४ वटा, निर्माण सम्पन्न भई भुक्तानी प्रक्रियामा रहेको ९ वटा, काम सम्पन्न भई अनुगमन गर्न बाकी २ वटा, निर्माणाधीन ८ वटा , सम्झौता हुन बाँकी ४ वटा।

४. सामाजिक विकास तथा अन्य कार्यक्रम

- **सामाजिक सुरक्षा:** बैंकसँग समन्वय गरी टोल-टोलमा पुगेर भत्ता वितरण, थप २ जना नयाँ लाभग्राही सूचीकृत।
- **कृषि क्षेत्र:** अमिलो जातका फलफूल काटछाँट र ढुसीजन्य रोग नियन्त्रण परामर्श। ९४ घरधुरीको कृषि तथ्यांक संकलन।
- **पशुपक्षी:** गाई, भैंसी, बाख्रा गरी कुल १६२+ पशुको उपचार। १० कुकुरलाई रेविज विरुद्धको खोप। ५० जना कृषकलाई पशु आहार र व्यवस्थापन सम्बन्धी परामर्श सेवा प्रदान।
- **सुशासन:** वडा समितिको ४ पटक बैठक सम्पन्न। वडा स्तरीय विपद व्यवस्थापन समिति गठन।

१९. १ नं. वडा कार्यालयको प्रगति प्रतिवेदन :

**प्रशासन तर्फ :**
जन्म प्रमाणित -४ वटा
नागरिकता प्रमाणपत्र प्रतिलिपि ९ वटा



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

नाता प्रमाणित नेपालीमा र अङ्ग्रेजिमा
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिले मन्जुरिनामा दिएका व्यक्तिको भत्ता झिक्ने सिफारिस
जग्गा नामसारी सम्बन्धि सिफारिस
घटना दर्ता सम्बन्धि
जन्म दर्ता नयाँ र प्रतिलिपि
विवाहदर्ता
मुत्यु दर्ता
बसाईसराई २ वटा नयाँ र २ वटा प्रतिलिपि
सम्बन्ध विच्छेद दर्ता नयाँ १ वटा र प्रतिलिपि १ वटा
बैदेशिक अन्तर्गत Birth Certificate, Income Source, Tax Clearnce etc
कार्यवाहक तोकिएको पत्र
घर बाटो सिफारिस
चार किल्ला प्रमाणित
अन्तिम भुक्तानी सिफारिस
अपाङ्गता भएका व्यक्तिको आवश्यक सामाग्री मागको लागि निवेदन संकलन
दर्ता भएका समुहको लागि आवश्यक सामाग्री स्वईच्छा ५०% साझेदारीमा खरिदको लागि निवेदन संकलन
करिब १५० जना भत्ता प्राप्त गर्ने लाभग्राहीको बायोमेट्रिक
नागरिकता सिफारिस Ccims प्रणाली मार्फत
नागरिकता प्रतिलिपी
योजना अनुगमन कार्य निरन्तरता
आवश्यकता अनुसार विविध प्रकारका सिफारिस
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको मुत्यु पश्चाप लगत कट्टा र नयाँ भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरुको ईन्ट्री सिस्टममा

पशुतर्फ
आवश्यकता अनुसार किसानलाई उपलब्ध भएका औषधिहरु उपलब्ध गराउने
फिल्डमा पनि आवश्यताअनुसार

**चलानी**

माथि उल्लेखित विवरण अनुसार माघ देखी चैत्र मसान्तसम्म जम्मा ३७३ वटा यस वडा कार्यालयबाट पत्र चलान भएका छन।

**राजश्व**

यस वडा कार्यालयबाट सम्पादित क्रियाकलाप तथा प्रवाह गरिएको सेवा सुविधा मार्फत राजश्व रु.माघबाट चैत्र मसान्तसम्म जम्मा रु.१,६१,६३२.६२ संकलन गरिएको छ।

२०. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद :



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३
चलानी नं. :-
मिति :- २०८३/०१/१०

कार्यालय प्रमुखको नाम : दिनेश भट्टराई

पद : प्रमुख प्रशासकीय अधिकृत

ईमेल ठेगाना : info@gokulgangamun.gov.np

सम्पर्क नं. : ९८५४०४३६४०

सूचना अधिकारीको नाम : संजय कुमार सुनुवार

पद : सूचना प्रबिधि अधिकृत

इमेल ठेगाना : ito.gokulgangamun@gmail.com

सम्पर्क नं. : ९८६३०२३०१८

२१. ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको सुची :

गोकुलगंगा गाउँपालिकासंग सम्बन्धित संघीय र बागमती प्रदेश कानून बाहेकका स्थानीय ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड परिपालना गरिरहेको छ ।उक्त स्थानीय कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानुनी प्रबन्धहरुको बिस्तृत दस्तावेज र सुची गाउँपालिकाको वेवसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

२२. तोकिए बमोजिम अन्य विवरणहरु :

नियमानुसार तोकिए बमोजिमका अन्य विवरण समेत यस गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिएको छ ।

२३. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण :

यस गाउँपालिकासंग सम्बन्धित सन्क्षिप्त विवरण एवं सूचनाहरुको जानकारीको लागि गोकुलगंगा गाउँपालिकाको वेबसाइट तथा फेसबुक @gokulgangamun.rasnalu समेत संचालन गरी सूचन प्रकाशन तथा जानकारी गराउने गरेको छ ।



Scanned with CamScanner

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :-

मिति :- २०८३/०१/१०

२४. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण :

नेपाल सरकार, बागमती प्रदेश सरकारबाट अन्तर सरकारी बित्त व्यवस्थापन ऐन २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि भए गरेका सोको बिस्तृत विवरण गाउँपालिकाको वेबसाइट www.gokulgangamun.gov.np मा राखिने छ ।

२५. सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामवली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :

यस गाउँपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्यांक एवं आवश्यक दस्तावेजहरुको वर्गीकरण गरी त्यस्ता सूचनाहरु गाउँपालिकाले प्रचलित ऐन, नियमावली अनुसार सुरक्षित राख्ने गरिएको छ ।

२६. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :

यस अवधिमा गाउँपालिकामा नियमानुसार सूचना माग सम्बन्धि निबेदन प्राप्त नभएको ।

२७. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण :

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको तथा स्थानीय स्तरको दैनिक पत्र पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण गाउँपालिकाको वेबसाइट तथा फेसबुक पेजमा राख्ने गरिएको छ ।

सूचना अधिकारी
संजय कुमार सुनुवार
गोकुलगंगा गाउँपालिका, रस्नालु रामेछाप



Scanned with CamScanner